# एट्लस बचत तथा ऋण सहकारी संस्था लि.

तेह्रौं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्ष

श्री ध्रुव रुद्र कर्माचार्यबाट प्रस्तुत

## आ.ब.२०७७/७८ को वार्षिक प्रतिवेदन

**शेयर सदस्य महानूभावहरू,**

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस COVID-19 को दोस्रो लहरका कारण विगत वर्षहरुमा झैं सबै सेयर सदस्यहरु एकै थलोमा भेला भई साधारण सभा संचालन गर्न स्वास्थ्य सुरक्षाको कारण उपयुक्त र सुरक्षित नभएकोले यस विषम परिस्थितिमा साधारण सभा संचालन गर्न सहकारी बिभागद्वारा जारी गरिएको संक्रामक रोगको महामारीको अवधीमा साधारण सभा संचालन सम्बन्धि कार्यविधि अनुसार नयाँ प्रावधान अपनाइ विद्युतिय प्रणालीबाट सहज सहभागिताको प्रबन्ध गर्दै अभौतिक रुपमा यस संस्थाको १३ औं बार्षिक साधारण सभा आयोजना भएकोमा बिद्युतिय सञ्जालबाट सहभागी हुनु भएका संस्थाका शेयरसदस्य, महिला तथा सज्जनवृद एवम् शुभचिन्तकज्यूहरुमा म आफ्नो र यस संस्थाको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

सर्वप्रथम, यो संस्था आफ्नो कार्यकालको तेह्रौं वर्ष पुरा गरी चौंधौं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा संस्थाका सम्पूर्ण सदस्य महानुभाव तथा शुभेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । संस्थाको प्रगतीमा नियमन निकायहरुको सुझाव एवं निर्देशन, सदस्य महानुभावहरुको बहुमुल्य सहयोग सुझाव, संचालक समिति तथा लेखा समितिको कुशल निर्देशनका साथै संस्थाका कर्तव्यनिष्ठ कर्मचारीहरुको कार्यक्षमता ज्यादै महत्वपूर्ण रहेको छ । भविष्यमा पनि यहाँहरुको सल्लाह, सुझाव, निर्देशन रेखदेख र सहयोगमा शेयरसदस्यहरुलाई गुणस्तरीय सेवा, सुविधा र निरन्तर प्रतिफल दिँदै जाने प्रतिवद्धता व्यक्त गर्दछौं ।

**सदस्य महानुभावहरु,**

अब म आर्थिक वर्ष २०७७/७८ को लेखा परिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब,

नगद प्रवाह विवरण एवम तत्सम्बन्धी अनुसूचीहरु सहित संस्थाको तेह्रौं वार्षिक प्रतिवेदन यस सभामा बिद्युतिय संञ्जालबाट सहभागी हुनुभएका सबै शेयरसदस्य महानुभावहरुको समर्थनको लागि प्रस्तुत गर्न अनुमति चाहन्छु ।

यस अघिका आर्थिक वर्षहरुमा झैं यहाँहरुबाट प्राप्त भएको सदभाव, सहयोग र सहृदयताले प्रतिकुल परिस्थितीको बाबजुद समेत गर्दा आर्थिक वर्ष २०७७/७८ पनि संस्थाको लागि अर्को सफल वर्षको रुपमा रह्यो । राजनैतिक अन्यौलताका साथै विश्वव्यापी संक्रामक रुपमा फैलिएको COVID-19 को दोश्रो लहर पछि अब तेश्रो लहरको आसन्न त्रासले देश भित्र रहेका उद्योग, ब्यापार, ब्यबसाय, इत्यादी सबै माथि नकरात्मक प्रभाव पर्न गएका कारण लगानी गर्ने क्षेत्र सिमित हुन गई बजारमा तरलता अधिक मात्रामा उपलब्ध भई बैंक बित्तीय संस्थाहरुले एकल अङ्क ब्याजदरमा कर्जा प्रवाह भइरहेको परिप्रेक्ष्यमा बचत तथा ऋण सहकारी संस्थाहरुको बढि लागतको निक्षेपलाई कर्जामा प्रवाह गर्न कठिनाइ भइरहेको अवस्था छ । केही ठुला सहकारीहरु दुर्घटना हुन गएका कारण त्यसको नकरात्मक असर अन्य सहकारीहरुमा पनि पर्न गएको कारण सहकारीहरुले आफ्नो प्रतिष्ठा जोगाइ राख्न गाह्रो भइरहेको अवस्था छ । अर्कोतर्फ नेपाल सरकारको तर्फबाट पनि बचत तथा ऋण सहकारीहरुलाई केवल निक्षेप संकलन तथा कर्जा प्रवाह गर्ने बाहेक अन्य कुनै कार्यहरु गर्न बन्देज लगाइ दिएका कारण हामीजस्ता प्रगती उन्मुख सहकारीहरुलाई गतिबिधीमा संकुचन भइरहेको छ । सहकारी संस्थाहरुलाई आफ्नो पुंजीको केही निश्चित अंश सरकारी बण्ड, बैंक डिबेन्चर, म्यूचल फण्ड जस्ता सिमित जोखिम रहेका बैकिङ्ग उपकरणमा लगानी गर्न दिन सम्बन्धित निकायसंग माँग गर्दछौं । हरेक बर्ष सरकारले बार्षिक बजेटबाट सहकारीलाई देशको आर्थिक क्षेत्रको तेश्रो खम्बा भनी सम्बोधन गरी सहकारीहरु पनि उत्पादनशिल क्षेत्रमा लाग्नु पर्ने भनी आहवान भइरहँदा ब्यबहारमा आजसम्म सहकारी संस्थाको तहमा त्यस्को प्रभाव पर्न सकेको देखिंदैन । यस बिषयमा सम्बन्धित संघ संस्थाहरुले पनि सक्रिय भइ उपरोक्त नीतिलाई बास्तबिकतामा परिणत गर्न पहल गरी दिन हुन अनुरोध गर्दछौं । साथै सहकारी ऐन तथा नियमावली पनि बेला बखत समय सापेक्ष अनुसारको संसोधन हुन पर्ने देखिन्छ ।

उपरोक्त कारणहरुबाट यो संस्था अछुत रहन नसकेतापनि यस प्रतिकूलताको परिस्थितिलाई केही हदसम्म चिर्दै आर्थिक बर्ष २०७७/७८ मा गत आर्थिक बर्षको तुलनामा संस्थाले ९०.३०% ले बृद्धि गरी रु.२,४२,५२,११०।- खुद नाफा कमाउन सफल भएको सहर्ष जानकारी गराउन चाहन्छु । गत आ.ब.मा जस्तै यस बर्ष पनि निषेधाज्ञा लागु भएको बैशाख १६, २०७७ देखि २०७७ आषाढ मसान्तसम्मको ब्याज भुक्तानीमा लागेको बिलम्ब दस्तुर पूर्ण छुट गरी संस्थाका ऋणीहरुलाई सहुलियत प्रदान गरेका छौं । संक्रमणको महामारीमा सरकारले गरेको निषेधाज्ञामा यसबाट ऋणी सदस्य महानुभावहरुलाई राहत भएको हाम्रो बुझाइ रहेको छ । संस्थाको आर्थिक गतिविधिको अवस्था लेखा परिक्षण प्रतिवेदन र सोसंग संलग्न भएका बिबरणहरुबाट सदस्य महानुभावलाई जानकारी भएको हुनु पर्दछ । यद्यपि यहाँहरु समक्ष बिगत ५ आर्थिक बर्षहरुमा यस संस्थाले प्राप्त गरेको उपलब्धिको संक्षिप्त बिबरण तुलनात्मक रुपमा निम्नानुसार प्रस्तुत गर्दछु ।

# <u>संस्थाको गत ५ आर्थिक वर्षको कारोबारको तुलनात्मक संक्षिप्त विवरण</u>

| क्र सं | विवरण | आ. व. २०७३/७४ | आ. व. २०७४/७५ | आ. व. २०७५/७६ | आ. व. २०७६/७७ | आ. व. २०७७/७८ | गत आ.ब. को तुलनामा वृद्धि % |
|---|---|---|---|---|---|---|---|
| १ | शेयर पूँजी | २,९०,५९,००० | ३,०४,८१,००० | ३,४०,७५,८०० | ३,९६,०८,२०० | ४,१८,७१,९०० | ५.७२ % |
| २ | कुल निक्षेप | ३९,१७,८३,५५० | ४५,०४,६९,३४६ | ५५,३९,२०,९२० | ६०,०१,२८,५३१ | ५९,६९,०२,१२० | (०.५४ %) |
| ३ | कुल कर्जा | ३२,७३,७०,३८१ | ३४,५३,८०,९८९ | ४१,४१,२०,५३७ | ४४,६७,६२,५३५ | ४८,६३,३७,०२३ | ८.८६ % |
| ४ | कुल लगानी | ८,०६,०७,१७१ | २०,५६,९७,३३६ | १४,९०,७८,४१५ | १८,१२,०६,६७३ | २१,३१,५७,०५० | १७.६३ % |
| ५ | (क) ब्याज आम्दानी | ५,२८,६८,७७४ | ७,३३,१२,३६६ | ८,५७,३३,८५८ | ८,५६,७०,०५४ | ८,०४,४१,२३६ | (६.१० %) |
| | (ख) अन्य आम्दानी | ५७,५५,९७८ | ३५,८३,४९५ | ३५,४८,६८० | ८६,५७,१३७ | १,८७,२४,३०१ | ११६.२९ % |
| | **(ग) कुल आम्दानी** | **५,८६,२४,७५२** | **७,६८,९५,८६१** | **८,९२,८२,५३८** | **९,४३,२७,१९१** | **९,९१,६५,५३७** | **५.१३ %** |
| ६ | (क) ब्याज खर्च | ३,५७,४६,८४७ | ५,१९,५२,८८३ | ६,१७,१६,१९० | ६,६३,०६,७०२ | ५,३३,२६,७५३ | (१९.५८ %) |
| | (ख) संचालन खर्च | ८९,३३,८८२ | ९४,७५,४३५ | १,०९,६६,६८७ | १,२५,४०,०६९ | १,३५,६६,८८३ | ८.१९ % |
| | **(ग) कुल खर्च** | **४,४६,८०,७३०** | **६,१४,२८,३१८** | **७,२६,८२,८७७** | **७,८८,४६,७७२** | **६,६८,९३,६३६** | **(१५.१६ %)** |
| ७ | **संचालन नाफा (नोक्सानी)** | **१,३९,४४,०२२** | **१,५४,६७,५४३** | **१,६५,९९,६६०** | **१,५४,८०,४२०** | **३,२२,७१,९०१** | **१०८.४७%** |
| ८ | कर्जा जोखिम व्यवस्था | २,०७,०४९ | (१,५४,४७३) | ११,४३,०८० | (२,८१,९७०) | २२,७२,४८१ | - |
| ९ | कर्मचारी बोनस कोष | १२,४८,८१५ | १४,२०,१८३ | १५,४५,६५८ | १५,७६,२३९ | २९,९९,९४२ | ९०.३२ % |
| १० | आयकर दायित्व | २५,२९,२७४ | २९,०६,७४६ | १३,८३,२६७ | १४,२९,७३४ | २७,५८,२३४ | ९२.९२ % |
| ११ | स्थगन कर | ० | (९५,६०३) | ६९,१९२ | १२,५८६ | १०,८६५ | (१३.६७ %) |
| १२ | **खुद नाफा** | **९९,५८,८८३** | **१,१३,९०,६८९** | **१,२४,५८,४६३** | **१,२७,४३,८३०** | **२,४२,५२,११०** | **९०.३० %** |
| १३ | साधारण जगेडा कोष | २४,८९,७२० | २८,४७,६७२ | ३१,१४,६१६ | ३१,८५,९५८ | ६०,६३,०२८ | ९०.३० % |
| १४ | संरक्षित पूँजी फिर्ता कोष | ३,७३,४५८ | ४,२७,१५१ | २३,३५,९६२ | २३,८९,४६८ | ४५,४७,२७१ | ९०.३० % |
| १५ | सहकारी प्रवर्द्धन कोष | ० | ० | ४६,७१९ | ४७,७८९ | ९०,९४५ | ९०.३१ % |
| १६ | अन्य कोषको व्यवस्था | ७०,९५,७०४ | ८१,१५,८६६ | ६९,६१,१६६ | ७१,२०,६१५ | १,३५,५०,८६७ | ९०.३० % |
| १७ | **कुल लाभांश प्रश्ताबित** | **१५%** | **१५%** | **१५%** | **१४%** | **१८%** | |
| १८ | बोनस शेयर | ५% | - | – | – | ८% | |
| १९ | नगद लाभांश | १०% | १५% | १५% | १४% | १०% | |

**शेयर पूंजी :**

संस्थाले आर्थिक वर्ष २०७७/७८ को अन्त्यसम्ममा शेयर पूँजी रु.४,१८,७१,९००।- पुऱ्याउन सफल भएको छ । संस्थाले शेयर पूंजी क्रमशः वृद्धि गरी लैजाने नीति अख्तियार गरेको हुँदा सबै शेयर सदस्यहरुले संस्थाको थप शेयर खरीद गरि दिनु भई संस्थाको कारोबार बिस्तारमा थप टेवा पुऱ्याइ दिन हुन अनुरोध गर्दछु ।

**निक्षेप संकलन तथा कर्जा लगानी :**

आर्थिक वर्ष २०७७/७८ को आषाढ मसान्तसम्ममा यस संस्थाको कुल निक्षेप संकलन रु.५९,६९,०२,१२०।- रहेको छ भने कर्जा लगानी रु.४८,६३,३७,०२३।- रहेको छ ।

**कुल आम्दानी तथा कुल खर्च :**

संस्थाको आर्थिक वर्ष २०७७/७८ को कुल आम्दानी रु.९,९१,६५,५३७।- रहेको छ भने कुल खर्च रु.६,६८,९३,६३६।- रहेको छ ।

**आय-व्यय :**

**संस्थाले आर्थिक वर्ष २०७७/७८ मा रु.३,२२,७१,९०२।- कुल संचालन नाफा कमाउन सफल भएको छ ।** यस आर्थिक वर्षमा कर्जा जोखिम व्यवस्थामा रु.२२,७२,४८१।- थप गरीएको छ । त्यस पश्चातको रकममा कर्मचारी बोनस कोष बापत रु.२९,९९,९४२।- कट्टा गरी बाँकी हुन आएको रकम रु.२,६९,९९,४७९।- मा आयकर व्यवस्था रु.२७,४७,३६९।- कट्टा गर्दा संस्थाको खुद नाफा रु.२,४२,५२,११०।- रहेको छ । यस हिसाबले यस आर्थिक वर्षमा संस्थाले शेयर पूंजीको अनुपातमा ५७.९२% नाफा कमाउन सफल भएको जानकारी गराउँदछु ।

**लाभांश बाँडफाँड सम्बन्धमा :**

यस संस्थाको आ.व.२०७७/७८ को खुद नाफा रु.२,४२,५२,११०।- रकमलाई सहकारी नियमावली २०७५ अनुसार साधारण जगेडा कोषमा रु.६०,६३,०२८।-, संरक्षित पूंजी फिर्ता

कोषमा रु.४५,४७,२७१।-,सहकारी प्रवर्द्धन कोषमा रु.९०,९४५।-,शेयर लाभांश कोषमा रु. १,०१,६३,१५०।-,सहकारी शिक्षा कोषमा रु.६,७७,५४३।-, घाटापूर्ती कोषमा रु. ६,७७,५४३।-, सहकारी विकास कोषमा रु.६,७७,५४३।-,सामुदायिक विकास कोषमा रु.६,७७,५४३।- तथा अन्य जोखिम व्यवस्थापन कोषमा रु.६,७७,५४३।- बाँडफाँड गरिएको छ । साथै संस्थाका सदस्यहरुलाई यस वर्ष ८% बोनस शेयर तथा १०% नगद लाभांश गरी जम्मा १८% लाभांश ( करकट्टि पछि) वितरण गर्ने भनि संचालक समितिबाट निर्णय भए अनुसार शेयर लांभाश कोषमा राखिएको रकमबाट आ.व.२०७६/७७ भित्र शेयर खरिद गरेका सदस्यहरुलाई शेयर रकमको १८% र आ.व.२०७७/७८ मा शेयर खरीद गरेका सदस्यहरुलाई शेयर खरीद गरेको मितिबाट दिन गन्तीको हिसाबले १८% ले हुने लांभाश रकम प्रदान गर्ने व्यवस्था मिलाइएकोले सोको अनुमोदनको लागि प्रस्ताव पेश गरेको छु । यसरी १८% लाभांश भुक्तानी गर्दा संस्थाको शेयर लाभांश कोषबाट रु. ७५,३६,९४२।- रकम शेयर सदस्यहरुलाई बितरण हुन जाने जानकारी गराउँदछु । यस लाभांश बाँडफाँड प्रस्तावलाई अनुमोदन गरी दिन हुन अनुरोध गर्दछु ।

**राजश्वमा योगदान :**

संस्थाले आ.व.२०७७/०७८ मा गरेका विभिन्न किसिमका कारोबारबाट नियमानुसार विभिन्न खर्च शिर्षकहरुमा कट्टा गर्नुपर्ने करहरु समयमा नै नेपाल सरकारको राजस्व खातामा जम्मा गरिसकेको छ । यस हिसाबमा संस्थाले उल्लेखित आर्थिक वर्षको खुद नाफा (कर अघिको) रु.२,६९,९९,४७९।-मा लाग्ने १०% आयकर बापत रु.२७,५८,२३४।- तथा अन्य कर बापत रु. ३१,४६,०४७।०३ गरी जम्मा रु.५९,०४,२८१।०३ नेपाल सरकारको राजश्व खातामा दाखिला गरी योगदान पुऱ्याएको जानकारी गराउँदछौं । आ.ब.२०७७।७८ अन्त्यसम्ममा नेपाल सरकारको राजश्व खातामा संस्थाको रु.५५,३८,०६९।२४ बढी आयकर दाखिला भइरहेको छ ।

**लेखा परिक्षकको नियुक्ती तथा पारिश्रमिक :**

संस्थाको १२ औं बार्षिक साधारण सभाले आ.व.२०७७/०७८ को हिसाब किताब लेखापरिक्षण गर्न श्री एम तिवारी एण्ड एशोसिएट्सका चार्टड एकाउन्टेन्ट श्री मुरलीधर तिवारीलाई नियुक्त गरी निजलाई लेखापरिक्षण कार्य गरे वापत रु.४४,२४७।०० (मु.अ.कर बाहेक) भुक्तानी गर्ने निर्णय भए अनुसार उपरोक्त लेखा परीक्षकबाट नै लेखापरिक्षण कार्य भएको र सोही अनुसार तोकिएको रकम भुक्तानी भएको छ ।

आगामी आ.व.२०७८/७९ को हिसाब किताबको लेखापरिक्षण गर्नको लागि पनि श्री एम.तिवारी

एण्ड एसोसिएट्सका चार्टड एकाउन्टेन्ट श्री मुरलीधर तिवारीज्यूलाई नै नियुक्त गर्न कानुनत : बाधा नरहेको र साथै सो कार्य सम्पन्न गरे वापत लेखापरीक्षकलाई पारिश्रमिक रु.४५,०००।- ( मु.अ.कर बाहेक) भुक्तानी गर्ने प्रस्ताव गरीएको ब्यहोरा अनुरोध गर्दछु ।

**बिप्रेषण सेवा सम्बन्धमा :**

संस्थाले बजारमा नाम चलेका धेरै जसो बिप्रेषण सेवाहरुका सब एजेन्ट भई सेवा पुऱ्याई रहेको जानकारी गराउँदछौं । संस्थाले बिप्रेषण सेवा अन्तरगत आइ.एम.ई.रेमिट, प्रभु मनि ट्रान्सफर, हिमाल रेमिट, सिटि एक्सप्रेस, एक्सप्रेस मनि ट्रान्सफर, वेस्टर्न युनियन मनि ट्रान्सफर, सम्सरा मनि ट्रान्सफर, मनिग्राम, जे.एम.ई रेमिट, जि.एम.ई रेमिट, आई-पे रेमिट, सुलभ रेमिट, रेमिट टु नेपाल तथा एन.आई.सी.एशिया रेमिट कम्पनीहरुको रेमिट सेवा साबिक झैं निरन्तर प्रदान गर्दै आएका छौं । अन्य कम्पनीहरुका रेमिट सेवाहरु पनि क्रमिक रुपले थप गर्दै लगिने योजना रहेको छ ।

**वार्षिक बजेट २०७८/७९ सम्बन्धमा :**

संस्थाले गत आ.व.२०७७/०७८ को कार्य योजना तथा बजेटको उपलब्धीको आधारमा चालु आ.व.२०७८/७९ को कार्य योजना तयार पारि त्यस अनुसारको अनुमानित वार्षिक बजेट तयार भएकोमा मिति २०७८/०४/२८ मा बसेको संचालक समिति बैठक नं.११३ बाट पारित भई यस सभामा अनुमोदनको लागि पेश भएको छ । यस सभाबाट निम्न तालिका अनुसारको चालु आ.व.२०७८/७९ को अनुमानित बजेट तथा कार्य योजना अनुमोदन गरी दिन हुन अनुरोध गर्दछौं । उपरोक्त कार्य योजना तथा बार्षिक बजेट २०७८/७९ यस बार्षिक प्रतिबेदनको पृष्ट नं. ६ मा प्रस्तुत गरिएको छ ।

## आ.व.२०७८/७९ को अनुमानित बजेट तथा कार्यक्रम

| क.सं. | विवरण | २०७७/७८ को अनुमानित | २०७७/७८ को वास्तविक | २०७८/७९ को अनुमानित |
|---|---|---|---|---|
| १. | शेयर पूँजी | ४,२५,००,००० | ४,१८,७१,९०० | ४,६०,००,००० |
| २. | बचत निक्षेप | १२,००,००,००० | १९,३८,४२,६१९ | २०,००,००,००० |
| ३. | आवधिक निक्षेप | ४०,००,००,००० | ४०,३०,५९,५०० | ४५,००,००,००० |
| ४. | तरलता रकम | ७,००,००,००० | ९,४२,१७,६६२ | ९,७५,००,००० |
| ५. | लगानी : | | | |
| | क) मुद्दति खाता | १७,००,००,००० | २१,२५,००,००० | २०,००,००,००० |
| | ख) शेयर | - | ६,३४,२४० | १५,००,००० |
| | ग) कर्जा | ४२,००,००,००० | ४८,६३,३७,०२३ | ५०,००,००,००० |
| ६. | आम्दानी : | | | |
| | क) बैंक ब्याज | १,६४,००,००० | २,००,६१,८७७ | २,००,००,००० |
| | ख) कर्जा ब्याज | ६,७५,००,००० | ६,०३,७९,३५९ | ६,५०,००,००० |
| | ग) अन्य | ३०,००,००० | १,८७,२४,३०१ | १,००,००,००० |
| | **कुल आम्दानी (रु.)** | **८,६९,००,०००** | **९,९१,६५,५३७** | **९,५०,००,०००** |
| ७. | खर्च : | | | |
| | क) कार्यालय संचालन खर्च | ५५,००,००० | ६१,९१,८५२ | ६५,००,००० |
| | ख) कर्मचारी खर्च | ६८,००,००० | ७२,७५,०३१ | ७७,००,००० |
| | ग) अन्य बचतमा ब्याज खर्च | ७५,००,००० | १,०१,२८,४१७ | १,२५,००,००० |
| | घ) आवधिक खाता ब्याज खर्च | ५,००,००,००० | ४,२७,७७,२६८ | ४,५०,००,००० |
| | **ङ**.) सापटीमा ब्याज खर्च | - | ४,२१,०६८ | - |
| | **कुल खर्च (रु.)** | **६,९८,००,०००** | **६,६८,९३,६३६** | **७,१७,००,०००** |
| ८. | कुल नाफा कर अगाडी (६-७) (रु.) | १,७१,००,००० | ३,२२,७१,९०२ | २,३३,००,००० |

**शेयरसदस्य संख्या सम्बन्धी जानकारी :**

संस्थामा आ.व.२०७७/७८ सम्म आबद्ध भएका तथा सदस्यता त्याग गरेका शेयरसदस्यहरुको संख्या निम्न बमोजिम रहेका छन् :

| बिबरण | गत आ.व. २०७६/७७ का शेयरसदस्य संख्या | २०७७/७८ मा नयाँ सदस्य थप संख्या | २०७७/७८मा सदस्यता त्यागेको संख्या | २०७७/७८ अन्त्यमा कुल शेयरसदस्य | |
|---|---|---|---|---|---|
| | | | | संख्या | रकम |
| शेयर सदस्य | ७०१ | १८ | २८ | ६९१ | रु.४,१८,७१,९००।- |

**कर्मचारी व्यवस्थापन :**

संस्थाको उद्देश्य प्राप्तीको लागि कर्मचारी व्यवस्थापन निकै महत्वपूर्ण रहेको हुँदा संस्थाका कर्मचारीहरुलाई समय सापेक्ष विभिन्न किसिमको तालिमहरुमा सरीक गराइ राखेका छौं । आवश्यकता अनुसार समय समयमा कर्मचारीहरु बिच बैठक गराइ एक आपसमा समस्याहरुको समाधानका उपायहरुको खोजी गराएका छौं । यसले गर्दा कर्मचारीहरु बीच सौहाद्रपूर्ण वातावरणमा काम गर्ने अवस्था सिर्जना हुन पुगेको छ। हाल संस्थामा ४ पूरुष र ९ महिला गरी १३ जवान कर्मचारीहरु दैनिक व्यवस्थापन कार्यमा संलग्न छन् । कर्मचारीको संस्थागत तालिका निम्नानुसार रहेको छ ।

# एट्लस बचत तथा ऋण सहकारी संस्था लि.

## संस्थागत तालिका

ध्रुब रुद्र कर्माचार्य
अध्यक्ष

गजाधर श्रेष्ठ
व्यवस्थापक

### प्रशासन शाखा

| क.स | नाम | पद |
|---|---|---|
| १. | प्रज्जु मानन्धर | सुपरभाइजर |
| २. | रोजिना मर्हजन | सहायक प्रशासन |
| ३. | भवानी देवि न्यौपाने | कार्यालय सहायक |
| ४. | रामचन्द्र कालिकोटे खड्का | कार्यालय सहायक |
| ५. | राम काजि कार्की | ड्राइभर |

### लेखा शाखा

| क.स. | नाम | पद |
|---|---|---|
| १. | अनिसा डंगोल | लेखा अधिकृत |
| २. | ओम कुमारी श्रेष्ठ | सहायक लेखापाल |

### नगद शाखा

| क.स | नाम | पद |
|---|---|---|
| १. | रमिता तण्डुकार | टेलर |
| २. | रेश्मा डंगोल | टेलर |

### कर्जा शाखा

| क.स. | नाम | पद |
|---|---|---|
| १. | प्रेक्षा श्रेष्ठ | कर्जा अधिकृत |
| २. | उजिला श्रेष्ठ | कर्जा सहायक |

**कर्जा नोक्सानी व्यवस्था :**

आ.व.२०७७/७८ मसान्तसम्म संस्थाले सहकारी विभागको नियमन मापदण्ड अनुसार गर्नु पर्ने कर्जा नोक्सानी व्यवस्था अनुसार गत आ.ब.सम्म रु.६०,७५,०८५।- रहेकोमा यस आ.व.मा रु.२२,७२,४८१।- थप गरी जम्मा रु.८३,४७,५६६।- को व्यवस्था गरीएको छ ।

**सामाजिक सहयोग :**

संस्थाले बार्षिक सामाजिक सहयोग कार्यक्रम अन्तरगत यस आर्थिक वर्षमा संस्थाले मैतिदेवीका राष्ट्रिय जनजागरण समाज सुधार नेपाल (NPADSN) (दर्ता नं.५४४/०५९/०६०) संग सम्बन्धित ३३ जना दिन दु:खी, असहाय, विपन्न विद्यार्थीहरुलाई नयाँ शैक्षिक सत्र २०७८ को लागि रु.८५,८००।०० बराबर रकमको बिद्यालय पोशाक, सेतो मोजा, जुत्ता र स्कूल ब्याग खरीद गरी सहयोग पुऱ्याएका छौं ।

**कर्जा अपलेखन सम्बन्धमा :**

संस्थाको सदस्यहरुलाई न्यूनतम रकम व्यक्तिगत जमानतमा कर्जा दिने तत्कालिन नीति अन्तर्गत प्रवाह भएका अधिकाशं कर्जा असुली भएका छन् । यसरी प्रवाह भएका मध्ये केहि कर्जा भाखा नाघेको लामो समयसम्म कर्जाको विवरण उल्लेख गर्न आएको छैन । संस्थाबाट कर्जा असुलीको कारवाई गर्दा निम्न ऋणी सदस्य बिदेश पलायन भई केही बर्षयता सम्पर्कमा नभएकोले मिति २०७८/०३/२२ मा बसेको संचालक समिति बैंठक नं.१११ बाट निजको कर्जा अपलेखन गरि पठाउने प्रस्ताव गरीएको छ । असुलीको सम्भावना शुन्य प्राय रहेको उक्त कर्जा अपलेखन गर्ने प्रस्ताव पारीत गरीदिन अनुरोध छ ।

तपशिल

| क. सं. | ऋण प्रवाह भएको मिति | ऋणीहरुको नाम, ठेगाना | २०७७/०३/३१ सम्म लिनुपर्ने कर्जा रकम | | अपलेखन हुने रकम (रु.) |
|---|---|---|---|---|---|
| | | | साँवा (रु.) | छुट हुने ब्याज र हर्जाना रकम (रु.) | |
| १. | २०७५/०२/२१ | अर्जुन खत्री, का.जि.का.म.पा.वडा नं.१५ । | ३,९५,४८७४७ | ९,४२४।९३ | ३,९५,४८७४७ |
| जम्मा | | | | | ३,९५,४८७४७ |

**भावी कार्यक्रम :**

कोभिड-१९ महामारीको दोश्रो लहरबाट गुज्रिरहेको हालको अवस्थाको अन्त्य नभइकन तेश्रो लहरको चर्चा शुरु भइरहेको अवस्था एकातिर छ भने देशमा राजनैतिक अस्थिरताको शुरुवात पनि भएको हो की भनि अडकलबाजी गर्न थालिएको हुँदा चालु आर्थिक बर्ष २०७८/७९ मा आर्थिक मन्दीको अवस्था श्रृजना हुने आशंका गर्नु पर्ने अवस्था छ । कोभिड-१९ का कारण देशको उद्योग, ब्यापार तथा अन्य ब्यबसायहरुमा समेत नकरात्मक प्रभाव पर्न गई धेरै क्षेत्रका कारोबारमा लगानीको अवसर घट्दै गएको हुँदा बजारमा अधिक तरलताका कारण बैंक बित्तीय संस्थाहरुको कर्जा ब्याजदर एकल अंङ्कमा झरेको कारण सहकारी संस्थाहरुको बढि लागतको निक्षेप कर्जा प्रवाहमा लगाउन कठिनाई उत्पन्न भइरहेको अवस्था छ ।चालु आर्थिक बर्षको प्रथम त्रैमासिक अन्त्यसम्म बजार अनिश्चित नै हुने देखिएता पनि नेपालीहरुको आगामी महान चाड बिजया दशमी शुभ दिपावली तथा छठ पर्ब पछि देशको आर्थिक कारोबार साबिक लयमा फर्कन्छ भनी आशा लिन सकिन्छ । सहकारी

अभियन्ताहरुले पनि सहकारी प्रर्वर्धन गर्न लागि परिरहेको हुँदा आगामी दिनहरुमा सकारात्मक लक्षणहरु आउने बिश्वास लिन सकिने अवस्था रहेको हुँदा संस्थाले चलाइरहेको वर्तमान कार्यकमहरु नै उपलब्धी मूलक तथा फलदायि भइरहेको कारण हाल कायम नितिलाई नै निरन्तरता दिदै अगाडि बढ्ने कार्यक्रम बनाएकाछौं । यस्तो प्रतिकुल अवस्थामा पनि संस्थाका सदस्यहरुले संस्थामा निक्षेप राखी र कर्जा लिई सहयोग गरिनै रहनु भएको र भविष्यमा पनि यसलाई निरन्तरता दिनु हुनेछ भन्ने विश्वास लिई आ.व.२०७८/७९ मा शेयर रकम रु.४,६०,००,०००।- पुऱ्याउने, कुल निक्षेप संकलन रु.६५,००,००,०००।- पुऱ्याउने, कर्जा र लगानी रु.७०,१५,००,०००।- पुऱ्याउने, कुल आम्दानी रु.९,५०,००,०००।- हुने तथा कुल खर्च रु.७,१७,००,०००।- मा सिमित राख्ने लक्ष्य राख्दा आ.व.२०७८/७९ मा संस्थाको कुल नाफा (कर अगाडी) रु.२,३३,००,०००।- हुने अनुमान गरिएको छ । यस बर्ष संस्थाको लागि आफ्नै कार्यालय भवन निर्माण गर्न हुने गरी पायक पर्ने ठाउँमा संस्थाको नाममा जग्गा खरीद गर्ने कार्यक्रम समेत राखेका छौं । संस्थाको हालको कार्यालयलाई नयाँ प्रविधि तथा आधुनिक उपकरणहरुले सुसज्जित गरी सदस्यहरुलाई गुणात्मक तथा सदाझैं चुस्त सेवा निरन्तर प्रदान गर्ने व्यवस्था मिलाइनेछ । कर्मचारीहरुलाई समय सापेक्ष बैकिङ्ग तालिमहरु बेला बखत प्रदान गर्दै लगिनेछ । टेलिफोन भुक्तानी र रिचार्ज गर्ने व्यवस्था तथा एस.एम.एस.बैकिङ्ग सेवा साबिक अनुसार चालुरहेको पुनः स्मरण गराउन चाहन्छौं ।

**सदस्य महानुभावहरु,**

सहकारी विभाग, संस्थासंग सम्बन्धित विभिन्न बैक तथा वित्तिय संस्थाहरु, संस्थासंग निक्षेप तथा कर्जाको कारोबार गर्ने सदस्यहरु, लेखा समितिका पदाधिकारीहरु, संस्थालाई बेला बखत अमूल्य सुझाव एवं सल्लाह दिने शुभचिन्तकहरु एवं संस्थाका कर्तव्यनिष्ठ कर्मचारीहरुलाई समेत यस अवसरमा आफ्नो र संचालक समितिका

तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । आ.व.२०७७/७८ को लेखापरिक्षण समयमा नै सम्पन्न गरी संस्थालाई अमुल्य सुझावहरु दिनु हुने एम तिवारी एण्ड एशोसिएट्स का चार्टड एकाउन्टेन्ट श्री मुरलीधर तिवारीलाई समेत यस अवसरमा धन्यवाद दिन चाहन्छु । कोभिड-१९ संक्रमण समयमा सबै सदस्य महानुभावहरुलाई सुरक्षित रुपमा कियाकलाप गर्न तथा सुरक्षित रहन समेत अनुरोध गर्दछु ।

अन्त्यमा,

संचालक समितिको तर्फबाट प्रस्तुत गरेको आ.ब.२०७७/७८को वार्षिक प्रतिवेदन सहित यसै साथ संलग्न सोही आर्थिक वर्षको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण र तत् सम्बन्धी अनुसूचीहरु सहितको लेखापरीक्षकको प्रतिवेदन, लेखा समितिको प्रतिवेदन, आर्थिक वर्ष २०७८/७९ को लागि तयार पारी संचालक समितिबाट शिफारीस भएको संस्थाको अनुमानित **"बजेट तथा कार्यक्रम"** र संस्थाले पेश गरेका अन्य प्रस्तावहरु समेत यस तेह्रौं वार्षिक साधारण सभाबाट पारित गरिदिनु हुनेछ भन्ने विश्वास लिएको छु । यस तेह्रौं वार्षिक साधारण सभाका लागि आज बिदाको दिनमा पनि अमूल्य समय दिई अभौतिक रुपमा भए पनि भाग लिइदिनु भई सभा सफलतापूर्वक सम्पन्न गराउन योगदान गर्नु हुने सम्पूर्ण सदस्य तथा अन्य महानुभावहरुलाई एट्लस बचत तथा ऋण सहकारी संस्था लि.संचालक समिति र आफ्नो व्यक्तिगत तर्फबाट समेत हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

जय सहकारी !

मिति : २०७८/०६/१६

ध्रुव रुद्र कर्माचार्य
अध्यक्ष